नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस रिलिज

मितिः २०८३/०६/१६

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतका विद्युत, जलस्रोत तथा सिँचाइ क्षेत्रलाई नियमित, सुचारु, भरपर्दो र प्रभावकारी बनाउन मन्त्रालय तथा मातहतका निकायबाट पछिल्लो १५ दिनको अवधिमा गरिएका प्रमुख कार्य, प्रगति तथा निर्णयहरू निम्नानुसार रहेको व्यहोरा अनुरोध छ।

### १. भोटेकोशी बाढीको वैज्ञानिक अध्ययन तथा विद्युत् सेवा सुचारु

भोटेकोशी बाढीबाट प्रभावित धादिङ र नुवाकोट तथा रसुवाका सम्पूर्ण क्षेत्रमा विद्युत सेवा सुचारु गरिएको। साथै, बाढीको वास्तविक उत्पत्ति, भौगोलिक तथा हिमनदीय जोखिम, जलवायु परिवर्तनको सम्भावित भूमिका र ऊर्जा पूर्वाधारको दीर्घकालीन उत्थानशीलताबारे अध्ययन गर्न विज्ञसहितको सात सदस्यीय वैज्ञानिक समिति गठन गरिएको छ। समितिले रसुवा बाढीबाट ऊर्जा पूर्वाधारमा पुगेको क्षतिबाट पाठ सिकेर दिर्घकालीन रुपमा कसरी पूर्वतयारी गर्ने र जलविद्युत उत्थनशीलता कसरी कायम गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव सहितको अध्ययन प्रतिवेदन पेश गर्ने कायदिश पाएको।

### २. भदौ महिनामा नेपालले विद्युत व्यापारबाट भएको आम्दानी

नेपालले भदौ महिनामा ५६ करोड ५६ लाख युनिटभन्दा बढी विद्युत् निर्यात गरी रु. ५ अर्ब ९ करोड २४ लाखभन्दा बढी आम्दानी गरेको। उक्त आम्दानी गत वर्षको सोही अवधिको तुलनामा रु. ३८ करोड २७ लाख बढी रहेको। बाढीका कारण उत्पादन क्षमतामा चुनौती रहे पनि द्विपक्षीय सम्झौता र विद्युत् बजारमार्फत भएको निर्यातले विद्युत व्यापारमा सुधार देखिएको।

### ३. हिउँदमा विद्युत आपूर्ति सहज बनाउने तयारी

भोटेकोशी बाढीका कारण करिब १० प्रतिशत विद्युत् प्रणाली प्रभावित भए पनि राष्ट्रिय प्रसारण प्रणालीलाई सन्तुलित राख्दै आगामी हिउँदमा बढ्ने विद्युत् मागलाई सहज रूपमा व्यवस्थापन गर्न जोखिम पहिचान, प्रसारण लाइन सुदृढीकरण तथा प्राविधिक तयारी भइरहेको।

### ४. असोज ९ - ११ गतेको भारी वर्षाको पूर्वानुमान, पूर्वतयारी र पूर्वसूचनामा उच्च सतर्कता अपनाउन निर्देशन

मन्त्रालयले असोज ९ देखि ११ गतेसम्मको भारी वर्षाको सम्भावनालाई मध्यनजर गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, सुरक्षा निकायलगायत सबै सम्बन्धित निकायलाई उच्च समन्वयमा पूर्वतयारी, समयमै पूर्वसूचना प्रवाह र उद्धार व्यवस्थापनमा परिचालित हुन निर्देशन दिँदै सम्भावित

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरवार, काठमाडौं।

प.सं. :
च.नं. :

जोखिमयुक्त क्षेत्रमा नागरिकलाई सतर्क रहन तथा यात्रा गर्दा मौसम र जोखिमको जानकारी लिएर मात्र यात्रा गर्न आग्रह गरेको।

५. आकस्मिक बाढीको पूर्वानुमान अब ४८ घण्टा अगावै

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले बाढी पूर्वानुमान र पूर्व-सुचना सम्वन्धी सेवामा थप सुधार गर्दै मिति २०८३ असोज ०७ गते देखि प्रमुख नदीहरुको बाढीको पूर्वानुमानको समयावधि ३ दिनवाट ५ दिन तथा स-साना नदीहरुमा आकस्मिक बाढीको जोखिम पूर्वानुमान १ दिन (२४ घण्टा) बाट २ दिन (४८ घण्टा) सम्म विस्तार गरेको। यसवाट सम्भावित बाढी तथा आकस्मिक बाढीको जोखिमबारे पहिले नै जानकारी प्राप्त गरी पूर्वतयारी, सतर्कता, जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि थप समय उपलब्ध हुने।

६. असोज ९ गतेदेखि ११ गते परेको अविरल वर्षा र सोको प्रभाव सम्वन्धमा भएको पहल

असोज ९ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षा तथा आएको बाढीका कारण देशका विभिन्न स्थानमा विद्युत उत्पादन, प्रसारण तथा वितरण संरचनामा क्षति पुग्नुका साथै केही जलविद्युत आयोजनाहरू तथा विद्युत लाइनहरू अवरुद्ध भएको।

बाढीका कारण कुश्मा-दाना २२० के.भी. प्रसारण लाइनमा क्षति पुग्दा त्यससँग सम्वन्धित करिव १९० मेगावाट क्षमताका जलविद्युत आयोजनावाट विद्युत प्रसारण अवरुद्द भएको।

सेती/मादी करिडोरमा बाढीका कारण अवरुद्ध भएका करिव २६२ मेगावाट क्षमताका जलविद्युत केन्द्रहरू पुनः सञ्चालनमा आएको। त्यसैगरी, मर्स्याङ्दी करिडोरमा अवरुद्ध करिव १९० मेगावाट क्षमताका जलविद्युत केन्द्रहरू पनि सञ्चालनमा आएको। कालिगण्डकी जलविद्युत केन्द्रको १४४ मेगावाट विद्युत उत्पादनसमेत पुनः सञ्चालन गर्ने कार्य अघि बढाइएको।

बाढीवाट प्रभावित विद्युत संरचना तथा आयोजनाहरूको मर्मत, पुनःस्थापना र सञ्चालनका लागि प्राधिकरण तथा सम्वन्धित प्राविधिक टोलीहरू कार्यक्षेत्रमा परिचालन भएको। वर्षा रोकिएसँगै अधिकांश स्थानमा विद्युत सेवा पुनः सञ्चालन गरिएको र बाँकी प्रभावित क्षेत्रमा समेत लाइन सुचारु गर्ने कार्य निरन्तर भएको।

७. विश्व बैंक, एआईआईबी र एडीबीसँग ऊर्जा पूर्वाधार तथा विपद् व्यवस्थापनमा सहकार्य

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्रीज्यूले विश्व बैंक, एसियाली पूर्वाधार लगानी बैंक र एसियाली विकास बैंकसँग नेपालको ऊर्जा क्षेत्रको विकास, प्रसारण तथा वितरण प्रणालीको स्तरोन्नति, भोटेकोशी बाढीको वैज्ञानिक अध्ययन तथा क्षति मूल्यांकन, जलवायुमैत्री र विपद् उत्थानशील ऊर्जा पूर्वाधार निर्माण तथा पूर्वसूचना प्रणाली सुदृढीकरणमा सहकार्यका लागि छलफल गर्नुभएको। तीन वटै विकास साझेदारहरूले विपद्पछिको पुनरुत्थान, प्राविधिक तथा वैज्ञानिक अध्ययन र ऊर्जा पूर्वाधार विकासमा सहयोग गर्ने प्रतिवद्धता जनाएको।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

८. निजी क्षेत्रलाई राष्ट्रिय प्रसारण लाइनमा खुला पहुँच, ह्वीलिङ चार्ज निर्धारण

विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिता बढाउन विद्युत नियमन आयोग मार्फत राष्ट्रिय विद्युत प्रसारण ग्रीडको प्रसारण शुल्क गणनासम्बन्धी मापदण्ड तयार पारी राष्ट्रिय प्रसारण ग्रिडमा खुला पहुँच प्रदानका लागि मध्यकालीन तथा दीर्घकालीन खुला पहुँचमा प्रति मेगावाट प्रतिमहिना रु. ४.१३ लाख र अल्पकालीन खुला पहुँचमा प्रतिकिलोवाट घण्टा ५७ पैसा प्रसारण शुल्क (ह्वीलिङ चार्ज) निर्धारण गरिएको।

९. निर्माणाधीन प्रसारण लाइनका अवरोध हटाउन मन्त्रालयको समन्वय

मन्त्रालयले राष्ट्रिय प्रसारण प्रणाली सुदृढ गर्न निर्माणाधीन १२ वटा प्रसारण लाइन आयोजनाका प्रमुखसँग ब्रिफिङ लिई वन तथा सडक विभागसँग सम्बन्धित रुख कटान, पोल तथा टावर स्थानान्तरणलगायतका अवरोध पहिचान गरी अन्तरमन्त्रालय समन्वयमार्फत निर्माण कार्यलाई गति दिन थप पहल थालेको।

१०. औद्योगिक क्षेत्रमा सौर्य तथा ब्याट्री ऊर्जा प्रविधि प्रवर्द्धन गर्न ४५ इन्जिनियरलाई तालिम

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले औद्योगिक क्षेत्रमा सौर्य फोटोभोल्टाइक तथा ब्याट्री ऊर्जा सञ्चय प्रणालीको सुरक्षित, प्रभावकारी र दिगो प्रयोग तथा प्रवर्द्धन गर्न निजी क्षेत्र, शैक्षिक तथा अनुसन्धान संस्था र सरकारी तथा गैरसरकारी निकायका ४५ जना इन्जिनियरहरूलाई पाँच दिने उच्चस्तरीय तालिम सुरु गरेको।

११. नदी कोरिडोर विकासका लागि जल तथा ऊर्जा आयोगद्वारा नीति संवाद सुरु

जल तथा ऊर्जा आयोगको सचिवालयले जलविद्युत पूर्वाधार तथा तटीय बस्तीलाई जोखिमबाट सुरक्षित राख्दै दिगो र एकीकृत नदी कोरिडोर विकासका लागि विज्ञ तथा सरोकारवालासँग नियमित नीति संवाद सुरु गरेको। संवादबाट प्राप्त सुझावका आधारमा पूर्वचेतावनी, वास्तविक समय अनुगमन, नदी पारिस्थितिकीय संरक्षण, तीनै तहका सरकारबीच समन्वय तथा विपद् पूर्वतयारीसमेत समेटिएको राष्ट्रिय नदी कोरिडोर विकास योजनाको ढाँचा तयार गरिने योजना रहेको।

६।१९

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता